# विद्युतीय माध्यमबाट सवारी चालक अनुमतिपत्रको सेवा प्रवाह गर्ने सम्बन्धी

# कार्यविधि निर्देशिका, २०८०

सवारी चालक अनुमति-पत्रका लागि सञ्चालनमा रहेको अनलाईन ड्राईभिङ्ग लाइसेन्स आवेदन दर्ता प्रणालीलाई थप परिमार्जन एवं स्तरोन्नति गरी विद्युतीय सवारी चालक अनुमति-पत्र प्रणालीसँग इन्टरअपरेबिलिटी हुने गरी आवद्धता गरी सेवा प्रवाहलाई थप छिटो, छरितो, सरल तथा प्रभावकारी बनाउन र विद्युतीय माध्यमबाट राजश्व भुक्तानी लगायतका नयाँ सुविधा थप गर्न वाञ्छनीय भएकोले सवारी तथा यातायात व्यवस्था नियमावली २०५४ को नियम ६२ ले दिएको अधिकार प्रयोग गरी यो कार्यविधि निर्देशिका जारी गरिएको छ।

१. संक्षिप्त नाम र प्रारम्भ

१.१ यस निर्देशिकाको नाम "**विद्युतीय माध्यमबाट सवारी चालक अनुमति-पत्रको सेवा प्रवाह गर्ने सम्बन्धी कार्यविधि निर्देशिका, २०८०**" रहेको छ।

१.२ यो निर्देशिका विभागबाट स्वीकृत भएको मिति देखि लागु हुनेछ।

२. परिभाषा:

विषय वा प्रसँगले अर्को अर्थ नलागिमा यस निर्देशकामा

(क) "ऐन" भन्नाले सवारी तया यातायात व्यवस्था ऐन, २०४९ सम्झनुपर्छ।

(ख) "नियमावली" भन्नाले सवारी तथा यातायात व्यवस्था नियमावली, २०५४ सम्झनुपर्छ।

(ग) "मन्त्रालय" भन्नाले नेपाल सरकार, भौतिक पूर्वधार तथा यातायात मन्त्रालय सम्झनुपर्दछ।

(घ) "विभाग" भन्नाले यातायात व्यवस्था विभाग सम्झनु पर्दछ।

(ङ) "प्रदेश मन्त्रालय" भन्नाले सम्बन्धित प्रदेशको यातायात क्षेत्र हेर्ने मन्त्रालय सम्झनुपर्दछ।

(च) "कार्यालय" भन्नाले प्रदेश सरकार अन्तर्गतका यातायात व्यवस्था कार्यालयहरु सम्झनुपर्दछ। यो शब्दले सवारी चालक अनुमति-पत्र सम्बन्धी काम गर्ने यातायात व्यवस्था सेवा कार्यालयहरु समेतलाई जनाउनेछ।

(छ) "विद्युतीय सूचना प्रणाली" भन्नाले यातायात व्यवस्था विभागले सवारी चालक अनुमति-पत्रका लागि प्रयोगमा ल्याएको विद्युतीय सवारी चालक अनुमति-पत्र प्रणाली सम्झनुपर्दछ। यो शब्दले अनलाइन ड्राइभिङ्ग लाइसेन्स आवेदन दर्ता प्रणाली र पर्सनलाइजेशन प्रणाली समेतलाई जनाउनेछ।

(ज) "युजर क्रेडेन्सियल" भन्नाले विद्युतीय प्रणालीमा पहुँच पुर्याउन सम्बन्धित व्यक्तिलाई उपलब्ध गराइएको युजर आइडि तथा पासवर्ड सम्झनुपर्दछ।

(झ) "चिकित्सक" भन्नाले ऐनमा व्यवस्था भए बमोजिम सवारी चालक अनुमति-पत्रका लागि आवेदन गरेका व्यक्तिको स्वास्थ्य परीक्षणका लागि प्रदेश सरकार वा कार्यालयले तोकेका चिकित्सक सम्झनुपर्छ।

**३. सवारी चालक अनुमति-पत्र सम्बन्धी सेवाका लागि आवेदन गर्न सूचना प्रणालीमा लगईन गर्ने:**

सेवाग्राहीले सवारी चालक अनुमति-पत्र सम्बन्धी सेवाका लागि विभागको अनलाईन ड्राईभिङ्ग लाइसेन्स आवेदन दर्ता प्रणालीमा लगईन गरी निम्नानुसार प्रक्रियाबाट आवेदन गर्नुपर्नेछ:

३.१ सेवाग्राहीले उक्त प्रणालीको पोर्टल (https://applydlnew.dotm.gov.np) खोली आफ्नो मोबाइल नम्बर एवं लगइन पेजमा देखिएको क्याप्चा (Captcha) प्रविष्ट गरी लगइन गर्नुपर्दछ। त्यसरी लगईन गर्दा निजको मोबाइल नम्बरमा पिन कोड प्राप्त हुन्छ। उक्त कोड लगइन पेजको एमपिन (MPIN) फिल्डमा प्रविष्ट गर्नुपर्छ। कुनै मोबाइल नम्बरबाट एक पटक लगईन भए पश्चात सो मोबाइल नम्वरबाट पुनः अर्को व्यक्तिको युजर एकाउण्टमा लगईन हुने छैन।

३.२ लगईन भए पश्चात प्रणालीमा शुरुमा एक पटकका लागि सेवाग्राहीसँग "के तपाईसँग नेपाली सवारी चालक अनुमति छ?" भन्ने प्रश्न सहित ३ वटा जवाफहरु "मसँग नेपाली सवारी चालक अनुमति-पत्र छैन" "मसँग नेपाली सवारी चालक अनुमति-पत्र छ", "मसँग नेपाली सवारी चालक अनुमति-पत्र छैन तर कार्यालयमा बायोमेट्रिक दिएको छु" देखा पर्छ र सेवाग्राहीले तीमध्ये एउटा जवाफ छनौट गर्नुपर्छ।

३.२.१ पहिलो जवाफ छनौट गरेका सेवाग्राहीले आफ्नो देश छनौट गर्नुपर्छ। तत्पश्चात नेपाली नागरिकका लागि नागरिकता सम्बन्धी विवरण र विदेशी नागरिकहरुका लागि पासपोर्ट सम्बन्धी विवरण माग हुन्छ। त्यसरी माग भएका विवरण भर्नुपर्छ। पासपोर्ट नभएका भारतीय नागरिकको लागि आधार कार्ड तथा भोटर कार्डको विवरण भरेमा समेत मान्य हुनेछ। माग भए बमोजिमको विवरण भरी सके पछि सो का आधारमा निजको नागरिकता व्यवस्थापन सूचना प्रणालीमा रहेका विवरण प्राप्त हुन्छन। आवेदकले उक्त विवरण राम्रोसंग रुजु गरी सबै विवरण ठिक छ भनी प्रमाणित गर्नुपर्छ। त्यस पश्चात निजको युजर एकाउण्टको ड्यासबोर्ड खुल्छ।

नेपाल सरकार
भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय
यातायात व्यवस्था विभाग
मिनभवन, काठमाण्डौं

३.२.३ दोस्रो जवाफ छनौट गरेका सेवाग्राहीलाई लाइसेन्स नम्बर, जन्म मिति र इमेल प्रविष्ट गर्नुपर्छ। सेवाग्राहीले उक्त विवरण सही प्रविष्ट गरी अगाडि बढेपछि विद्युतीय सवारी चालक अनुमति-पत्र प्रणालीमा रहेको निजको सवारी चालक अनुमति-पत्र सम्बन्धी विवरण रुजुका लागि देखिन्छ। विवरण ठिक भएमा अघि बढनुपर्छ र निजको युजर एकाउण्टको डयासबोर्ड खुल्छ। उक्त ड्यासोर्डमा वर्ग थप, नवीकरण, स्मार्ट कार्ड फास्ट प्रिन्टिङ्ग भन्ने बटन देखा पर्छन। विवरण गलत देखिएमा सम्बन्धित कार्यालयमा गई विवरण सच्याउनु पर्दछ।

३.२.४ तेस्रो जवाफ छनौट गरेका सेवाग्राहीले एप्लिकेण्ट आईडी, जन्म मिति र इमेल प्रविष्ट गरी अगाडि बढेपछि विद्युतीय सवारी चालक अनुमति-पत्र प्रणालीमा रहेको निजको व्यक्तिगत विवरण रुजुका लागि देखाउँछ। सही विवरण भएको अवस्थामा मात्र प्रणालीमा अन्य कार्य गर्नु पर्दछ। तत्पश्चात निजको युजर एकाउण्टको डयासबोर्ड खुल्छ। विवरण गलत देखिएमा सम्बन्धित कार्यालयमा गई विवरण सर्वप्रथम सच्याउनु पर्दछ।

**४. नयाँ सेवाग्राहीले आवेदन गर्ने प्रक्रिया:**

नयाँ सेवाग्राहीले प्रणालीमा लगइन भएपश्चात सवारी चालक अनुमति-पत्रको लागि आवेदन गर्दा निम्नानुसारको प्रक्रिया अबलम्बन गरी आवेदन गर्नुपर्नेछः

४.१ बुँदा ३ मा उल्लेख भए बमोजिम प्रणालीमा लगइन भए पछि आफ्नो युजर एकाएण्टको ड्यासबोर्डमा रहेको **"नयाँ लाइसेन्सको आवेदन"** बटनलाई क्लिक गर्नुपर्छ।

४.२ तत्पश्चात मेडिकल चेकजाँचको **"म सम्बन्धित यातायात व्यवस्था कार्यालयमा गई स्वास्थ्य परीक्षण गर्न चाहन्छु"** भन्ने र **"म कार्यालय बाहिरका सूचीकृत चिकित्सकसँग स्वास्थ्य परीक्षण गर्न चाहन्छु"** भन्ने विकल्प देखा पर्छ। त्यस मध्ये एउटा विकल्प छनौट गर्नुपर्छ। प्रदेशले कार्यालय बाहिर रहेर सेवा दिने चिकित्सक सूचीकृत नगरेसम्मका लागि कार्यालयमा नै गई मेडिकल जाँच गर्ने विकल्प मात्र उपलब्ध हुनेछ।

४.३ **"म सम्बन्धित यातायात व्यवस्था कार्यालयमा गई स्वास्थ्य परीक्षण गर्न चाहन्छु"** भन्ने विकल्प छनौट गरेका आवेदकले सवारी चालक अनुमतिपत्रको आवेदन गर्न चाहेको र नियमानुसार आफू योग्य भएको वर्ग छनौट गरी सवारी चालक अनुमतिपत्रको लागि आवेदन पेश गर्न चाहेको अफिस र कार्यालय जाने मिति (Appointment Date) छनौट गरेर पेश गरे पश्चात निजको आवेदन पेश भई Reference Number प्राप्त हुन्छ।

नेपाल सरकार भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय यातायात व्यवस्था विभाग मिनभवन, काठमाडौं

४.४ Reference प्राप्त भएपछि नम्बर आवेदन फाराम डाउनलोड गरी सक्कल नागरिकता सहित कार्यालयमा जानुपर्नेछ। कार्यालयमा निजले जैविक विवरण दिई स्वास्थ्य परीक्षण समेत गराउनुपर्नेछ।

४.५ **"म कार्यालय बाहिरका सूचीकृत चिकित्सकसँग स्वास्थ्य परीक्षण गर्न चाहन्छु"** भन्ने विकल्प छनौट गरेका आवेदकले निम्नानुसारको प्रकृया अवलम्बन गर्नुपर्नेछ।

४.५.१ सवारी चालक अनुमतिपत्रको आवेदन गर्न चाहेको र नियमानुसार आफू योग्य भएको वर्ग छनौट गरी सवारी चालक अनुमतिपत्रको लागि आवेदन पेश गर्न चाहेको कार्यालय र चिकित्सकको नाम ठेगाना छनौट गरी पेश गर्नुपर्छ। तत्पश्चात चिकित्सकको विस्तृत विवरण प्राप्त हुन्छ।

४.५.२ आवेदकले चिकित्सकसँग भेट गरी स्वास्थ्य परीक्षण गराउनुपर्छ। चिकित्सकले नियमानुसार सेवाग्राहीको स्वास्थ्य परीक्षण गरी आनलाईन आवेदनको मेडिकल

चेकजाँच प्रणालीमार्फत स्वस्थ/फिट वा अस्वस्थ/अनफिट भएको जनाउनुपर्नेछ। साथमा मेडिकल रिपोर्ट समेत अपलोड गर्नुपर्नेछ।

४.५.३ मेडिकल जाँचमा उत्तीर्ण सेवाग्राहीले नतिजाको जानकारी प्राप्त भएपश्चात पुनः आफ्नो युजर एकाउन्ट प्रोफाइलमा लगईन गरी कार्यालय जाने मिति छनोट गरी आवेदन गर्नु पर्नेछ। तत्पश्चात Barcode सहितको Reference Number प्राप्त हुन्छ। सेवाग्राहीले उक्त दर्ता फाराम डाउनलोड गरी (फाराम तथा सक्कल नागरिकता साथमा लिई) कार्यालयमा जानुपर्नेछ।

४.६ कार्यालयका कर्मचारीले सेवाग्राहीले आवेदनको साथमा पेश गरेका विवरण र कागजातका आधारमा सबै विवरण विद्युतीय सवारी चालक अनुमति-पत्र प्रणालीमा सही भएमा सेवाग्राहीको जैविक विवरण (Biometric) लिई आवेदन दर्ता गर्नुपर्नेछ। विवरण ठिक नभएका वा सवारी चालक अनुमतिपत्रको लागि अयोग्य ठहरिएका आवेदकको जैविक विवरण (Biometric) नलिई फिर्ता पठाउनुपर्नेछ।

४.७ कार्यालय जाने मिति (Appointment Date) मा सेवाग्राहीले विधुतीय माध्यमबाट दर्ता शुल्क भुक्तानी गर्न चाहेमा "दर्ता शुल्क अनलाईन भुक्तानी गर्नुहोस" भन्ने बटन क्लिक गरी दरखास्त शुल्क बुझाउनुपर्छ। बैंक काउन्टरमा नै गई भुक्तानी गर्न चाहने सेवाग्राहीले सम्बन्धित बैंक काउन्टरमा गएर समेत दर्ता शुल्क भुक्तानी गर्न सक्नेछन्।

४.८ विद्युतीय माध्यमबाट भुक्तानी गरेका सेवाग्राहीहरुको हकमा भुक्तानी पश्चात स्वतः प्रणालीबाट नै लिखित परीक्षाको सेड्युलका लागि योग्य हुनेछन्। कार्यालयको बैंक काउन्टरमा शुल्क बुझाएका सेवाग्राहीहरुले कार्यालयको लेखा शाखामा गएर दस्तुर तिरेको भौचर बुझाउनुपर्नेछ। तत्पश्चात मात्र निजको लिखित परीक्षाको सेड्यूलका लागि योग्य हुनेछन्।

४.९ सम्बन्धित कार्यालयले दर्ता शुल्क बुझाएका सेवाग्राहीहरुलाई लिखित परीक्षामा सेड्युल गर्नेछन।

४.१० दर्ता शुल्क बुझाएका आवेदकलाई अनलाईन सवारी चालक अनुमतिपत्र प्रणाली मार्फत प्रोफाइल लगइन गरी लिखित परीक्षाको सेडयूल प्राप्त गर्नेछन। यस्तो सूचना कार्यालयको वेवसाइटमा समेत प्रकाशन हुनेछ। लिखित परीक्षा दिन नपर्ने (D र E वर्गका) सेवाग्राहीलाई सोझै प्रयोगात्मक परीक्षाका लागि मिति र स्थान सहितको जानकारी प्राप्त हुनेछ।

४.११ सेवाग्राही तोकिएको स्थान र मितिमा लिखित परीक्षामा अनिवार्य रुपमा सहभागी हुनुपर्नेछ। आवेदन गरेर जैविक विवरण दिइसकेका तर लिखित वा तीन पटक प्रयोगात्मक परीक्षामा सहभागी भएर समेत अनुत्तीर्ण भएका सेवाग्राहीहरुले त्यसरी अनुत्तीर्ण भएको पहिलो परीक्षाको मितिले ९० दिन पछि पुन: यसै निर्देशिकाको बुँदा ५ बमोजिम गर्नुपर्नेछ।

४.१२ लिखित परीक्षामा सफल भएका उम्मेदवारलाई प्रयोगात्मक (Trial) परीक्षा सञ्चालन हुने मिति र स्थान सहितको लिखित परीक्षाको नतिजा कार्यालयको वेवसाइटमा प्रकाशन हुनेछ।

४.१३ प्रयोगात्मक परीक्षामा सफल भएका सेवाग्राहीहरुले प्रयोगात्मक परीक्षा पश्चात सो आर्थिक वर्ष भित्र राजश्व बुझाउनु पर्नेछ। त्यसरी बुझाउनुपर्ने राजश्व रकम प्रदेश सरकारले तोके बमोजिम हुनेछ।

माथि जुन सुकै कुरा लेखिएको भएता पनि असार महिनामा नतिजा प्रविष्ट भएका सेवाग्राहीले श्रावण महिना भित्र राजश्व बुझाउन सक्ने छन।

४.१४ त्यसरी राजश्व बुझाए पश्चात सेवाग्राहीको विवरण कार्ड छपाई प्रयोजनका लागि विद्युतीय सवारी चालक अनुमति-पत्र प्रणालीमा प्राप्त हुनेछ।

४.१५ सेवाग्राहीको स्मार्ट कार्ड छपाई भए पश्चात निजलाई कार्ड छपाई भएको SMS प्राप्त हुनेछ। त्यस्तो SMS प्राप्त भएपछि कार्यालयले सूचना प्रकाशन गरी तोकेको मिति देखि सम्बन्धित कार्यालयबाट सवारी चालक अनुमति-पत्रको स्मार्ट कार्ड वितरण हुनेछ।

**५. पहिले आवेदन पेश गरिसकेका तर लिखित तथा प्रयोगात्मक परीक्षा पास नगरेका सेवाग्राहीले पुनः आवेदन गर्ने तरिका:**

जैविक (BIOMETRIC) विवरण दिइसकेका र सवारीचालक अनुमति-पत्र प्रणालीमा दर्ता भई APPLICANT ID प्राप्त गरीसकेका तर यस भन्दा अगाडी लिखित परीक्षा वा ट्रायल परीक्षामा अनुत्तीर्ण भई पुनः नयाँ सवारीचालक अनुमति-पत्रको लागि आवेदन गर्न चाहने सेवाग्राहीहरुले उक्त परीक्षामा प्रथम पटक अनुत्तीर्ण भएको ९० दिन पश्चात निम्नानुसारको प्रक्रिया अबलम्बन गरी आवेदन गर्नुपर्नेछ।

५.१ बुँदा नं. ३ मा उल्लेख भए अनुसार सेवाग्राही सर्वप्रथम अनलाइन ड्राइभिङ्ग लाइसेन्स दर्ता प्रणालीमा लगइन गर्नुपर्छ।

५.२ मेडिकल चेकजाँचको विकल्प छनोट देखि Reference Number प्राप्त गर्नेसम्मका सबै प्रक्रियाहरु बुँदा ४.२ देखि ४.५ मा उल्लेख भएवमोजिम नयाँ सेवाग्राहीले आवेदन गर्ने प्रक्रिया वमोजिम नै हुनेछ।

५.४ मेडिकल चेकजाँच सम्बन्धित कार्यालयमा नै गएर गर्ने विकल्प रोजेका सेवाग्राहीहरुले आफ्नो कार्यालय जाने मितिमा सम्बन्धित कार्यालय गई आफ्नो आवेदन दर्ता गराउनुपर्नेछ र सो पश्चात मेडिकल चेकजाँच गरी सवारी चालक अनुमतिपत्रका लागि योग्य भएमा आवेदन दर्ताको तोकिएको राजस्व सम्बन्धित कार्यालयको काउन्टर वा विद्युतीय भुक्तानी प्रणालीमार्फत बुझाउनुपर्नेछ।

५.५ सूचीकृत चिकित्सकसँग मेडिकल चेक जाँच गरीसकेका सेवाग्राहीहरुले आफ्नो सबै विवरण ठिक भएमा फाराम दर्ता गर्नको लागि कार्यालय जानुपर्ने आवश्यकता हुँदैन। यस्ता सेवाग्राहीले अनलाइन प्रणालीबाटै कार्यालय जाने मिति (Appointment Date) लिन सक्नेछन। तत्पश्चात जुन मितिमा Appointment प्राप्त गरेको छ सो मितिमा आवेदन दस्तुर

बुझाउनुपर्नेछ। (नोटः दर्ता शुल्क भुक्तानी भईसके पश्चात मात्रै सेवाग्राहीले लिखित परीक्षा वा ट्रायल परीक्षा सेड्युल प्राप्त गर्न सक्ने छन।)

५.६ लिखित तथा मौखिक परीक्षा, राजस्व भुक्तानी र सो पश्चातका सम्पूर्ण प्रक्रियाहरु बुँदा ४.७ देखि ४.१५ मा उल्लेख भएवमोजिम नयाँ सेवाग्राहीले आवेदन गर्ने प्रक्रियाहरु वमोजिम नै हुनेछ।

**६. सवारी चालक अनुमति-पत्र प्राप्त गरेका सेवाग्राहीले वर्ग थपका लागि आवेदन गर्ने तरिकाः**

सवारीचालक अनुमति-पत्र प्राप्त गरिसकेका सेवाग्राहीहरुले आफ्नो सवारीचालक अनुमति-पत्रमा वर्ग थपका लागि आवेदन गर्न निम्नानुसारको प्रक्रिया अवलम्बन गरी आवेदन गर्नुपर्नेछ।

६.१ सर्वप्रथम माथि उल्लिखित बुँदा नं. ३ अनुसार प्रणालीमा लगइन गर्नुपर्नेछ। तत्पश्चात ड्यासबोर्ड खुल्छ।

६.२ वर्ग थपका लागि आवेदन गर्ने सेवाग्राहीले वर्ग थपमा साविकको विवरण सच्याउन पाउने छैन। विवरण सच्याउन पर्ने भएमा सम्बन्धित कार्यालयमा सम्पर्क गर्नुपर्नेछ। सवारी चालक अनुमति-पत्र निलम्बन भएको, सवारी चालक अनुमति-पत्रको म्याद सकिएको लगायतका कारणले वर्ग थपका लागि अयोग्य भएका सेवाग्राहीले प्रणालीमार्फत आवेदन दिन सक्ने छैनन्।

६.३ मेडिकल चेकजाँच देखि मेडिकल रिपोर्ट प्राप्त गर्ने र Reference Number प्राप्त गर्नेसम्मका अन्य सबै प्रक्रियाहरु बुँदा ४.२ देखि ४.५ मा उल्लेख भएवमोजिम नयाँ सेवाग्राहीले आवेदन गर्ने प्रक्रियाहरु वमोजिम नै हुनेछ।

६.४ मेडिकल चेकजाँच सम्बन्धित कार्यालयमा नै गएर गर्ने विकल्प रोजेका सेवाग्राहीहरुले आफ्नो कार्यालय जाने मितिमा सम्बन्धित कार्यालय गई आफ्नो आवेदन दर्ता गराउनुपर्नेछ र सो पश्चात मेडिकल चेकजाँच गराई योग्य भएमा आवेदन दर्ताको तोकिएको दर्ता शुल्क सम्बन्धित कार्यालयको काउन्टर वा विद्युतीय भुक्तानी प्रणालीमार्फत कार्यालय जाने मिति (Appointment Date) प्राप्त गरेकै दिनमा बुझाउनुपर्नेछ।

६.५ कार्यालय जानु अघि नै प्रणालीमार्फत आफैले स्वास्थ्य केन्द्रबाट मेडिकल चेक जाँच गराईसकेका सेवाग्राहीहरुले प्रविष्ट गरेका आफ्ना सबै विवरण ठिक भएमा फाराम दर्ता गर्नको लागि कार्यालय जानुपर्ने आवश्यकता हुँदैन। यस्ता सेवाग्राहीहरुको कार्यालय जाने मितिका दिन आवेदन तथा मेडिकल विवरण स्वतः दर्ता हुन्छ र सेवाग्राहीले अनलाइन प्रणालीको आफ्नो Dashboard मा गई विद्युतीय भुक्तानी प्रणालीमार्फत कार्यालय जाने मितिमा आफ्नो आवेदनको दर्ता शुल्क बुझाउन सक्नेछन्। नोटः दर्ता शुल्क भुक्तानी भईसके पश्चात मात्रै सेवाग्राहीको लिखित परीक्षा वा ट्रायल परीक्षा सेड्युल हुन सक्नेछ।

६.६ सम्बन्धित कार्यालयले दर्ता शुल्क बुझाएका सेवाग्राहीहरुलाई लिखित वा प्रयोगात्मक परीक्षामा सेड्युल गरेपश्चात प्रणालीमार्फत सेवाग्राहीलाई लिखित/प्रयोगात्मक परीक्षा हुने मिति

प्रणाली अनलाईन सवारी चालक अनुमतिपत्र आवेदन प्रणाली मार्फत हुनेछ। यस्तो सूचना सम्बन्धित कार्यालयको वेवसाइटमा समेत प्रकाशन हुनेछ।

६.७ सेवाग्राही तोकिएको स्थान र मितिमा लिखित वा प्रयोगात्मक परीक्षामा अनिवार्य रुपमा सहभागी हुनुपर्नेछ। लिखित वा तीन पटक प्रयोगात्मक परीक्षामा सहभागी भएर समेत अनुत्तीर्ण भएका सेवाग्राहीहरुले पहिलो परीक्षा दिएको मितिले ९० दिन पछि अनलाईन ड्राईभिङ्ग लाइसेन्स आवेदन दर्ता प्रणालीमा पुन: आवेदन दर्ता गर्न सक्नेछन्।

६.८ कार्यालयले लिखित परीक्षाको नतिजा प्रकाशन गर्दा सो परीक्षामा सफल भएका उम्मेदवारलाई प्रयोगात्मक (Trial) परीक्षा सञ्चालन हुने मिति र स्थान सहितको सूचना अनलाईन सवारी चालक अनुमतिपत्र प्रणाली मार्फत प्राप्त हुनेछ। यस्तो सूचना कार्यालयको वेवसाइटमा समेत प्रकाशन हुनेछ। सेवाग्राहीले आफ्नो युजर प्रोफाइल लगईन गरी समेत उक्त सूचना प्राप्त गर्न सक्नेछ।

६.९ प्रयोगात्मक परीक्षामा सफल भएका सेवाग्राहीहरुले नतिजा प्रणालीमा प्रविष्ट भए पश्चात सो आर्थिक वर्ष भित्र विधुतीय माध्यमबाट वा सम्बन्धित काउन्टरमा प्रत्यक्ष उपस्थित भई राजश्व बुझाउन सक्नेछन। त्यसरी बुझाउनुपर्ने राजश्व रकम प्रदेश सरकारले तोके बमोजिम हुनेछ।

माथि जुन सुकै कुरा लेखिएको भएता पनि असार महिनामा नतिजा प्रविष्ट भएका सेवाग्राहीले श्रावण महिना भित्र राजश्व बुझाउन सक्ने छन।

६.१० त्यसरी राजश्व बुझाए पश्चात सेवाग्राहीको विवरण सवारी चालक अनुमति-पत्र (स्मार्ट कार्ड) छपाई प्रयोजनका लागि विद्युतीय सवारी चालक अनुमति-पत्र प्रणालीमा प्राप्त हुनेछ।

६.११ सेवाग्राहीको स्मार्ट कार्डमा आधारित सवारी चालक अनुमति-पत्र छपाई भए पश्चात निजलाई कार्ड छपाई भएको SMS प्राप्त हुनेछ। त्यस्तो SMS प्राप्त भएको मितिले १५ दिन पछि सम्बन्धित कार्यालयबाट सवारी चालक अनुमति-पत्रको स्मार्ट कार्ड वितरण हुनेछ।

७. नवीकरणका लागि आवेदन गर्ने तरिका:

स्मार्ट कार्डमा आधारित सवारी चालक अनुमति-पत्र प्राप्त गरिसकेका र सो अनुमतिपत्रमा भएका विवरण सच्याउनपर्ने अवस्था नरहेका सवारी चालकहरुले अनलाइन प्रणालीमार्फत आफ्नो सवारीचालक अनुमति-पत्र नवीकरणका लागि निम्नानुसार गर्नुपर्नेछ:

७.१ सेवाग्राहीले माथि बुँदा ३ मा उल्लेख भए अनुसार सवारी चालक अनुमति-पत्र प्रणालीमा लगईन गर्नुपर्नेछ।

७.२ लगईन पश्चात "नवीकरण आवेदन" भन्ने विकल्प छनोट गर्नुपर्नेछ।

७.३ उक्त विकल्प भित्र प्रवेश गरे पश्चात सेवा लिन चाहेको कार्यालय र स्वास्थ्य परीक्षण गराउन चाहेको चिकित्सक छनौट गर्नुपर्नेछ।

नवीकरणका लागि आवेदन गर्ने सेवाग्राहीले साविकको विवरण यस अनलाइन प्रणालीमार्फत सच्याउन पाउने छैनन्। विवरण सच्याउन पर्ने भएमा सम्बन्धित कार्यालयमा सम्पर्क गर्नुपर्नेछ। सवारी चालक अनुमति-पत्र निलम्बन भएको, सवारी चालक अनुमति-पत्रको म्याद गुज्रिएको ५ वर्ष कटिसकेको लगायतका कारणले नवीकरणका लागि अयोग्य भएका सेवाग्राहीले प्रणालीमार्फत आवेदन दिन सक्नेछैनन्।

७.५ तत्पश्चात मेडिकल चेकजाँचको **"म सम्बन्धित यातायात व्यवस्था कार्यालयमा गई स्वास्थ्य परीक्षण गर्न चाहन्छु"** भन्ने र **"म कार्यालय बाहिरका सूचीकृत चिकित्सकसँग स्वास्थ्य परीक्षण गर्न चाहन्छु"** भन्ने विकल्प देखा पर्छ। त्यस मध्ये एउटा विकल्प छनौट गर्नुपर्छ। प्रदेशले कार्यालय बाहिर रहेर सेवा दिने चिकित्सक सूचीकृत नगरेसम्मका लागि कार्यालयमा नै गई मेडिकल जाँच गर्ने विकल्प मात्र उपलब्ध हुनेछ।

७.६ **"म सम्बन्धित यातायात व्यवस्था कार्यालयमा गई स्वास्थ्य परीक्षण गर्न चाहन्छु"** भन्ने विकल्प छनौट गरेका आवेदकले सवारी चालक अनुमतिपत्रको नविकरण गर्नका लागि आवेदन पेश गर्न चाहेको कार्यालय छनौट गरेर पेश गर्नुपर्नेछ। तत्पश्चात निजले आवेदन फाराम प्रणाली मार्फत डाउनलोड गर्न सक्नेछन्।

७.७ तत्पश्चात आवेदन फाराम डाउनलोड गरी सक्कल नागरिकता सहित कार्यालयमा जानुपर्नेछ। कार्यालयमा निजले जैविक विवरण रुजु गराई स्वास्थ्य परीक्षण समेत गराउनुपर्नेछ।

७.८ **"म कार्यालय बाहिरका सूचीकृत चिकित्सकसँग स्वास्थ्य परीक्षण गर्न चाहन्छु"** भन्ने विकल्प छनौट गरेका आवेदकले निम्नानुसारको प्रकृया अवलम्बन गर्नुपर्नेछ।

७.८.१ सवारी चालक अनुमतिपत्रको नविकरणका लागि आवेदन पेश गर्न चाहेको कार्यालय र चिकित्सकको नाम, ठेगाना छनौट गरी पेश गर्नुपर्छ। तत्पश्चात चिकित्सकको विस्तृत विवरण प्राप्त हुन्छ।

७.८.२ आवेदकले चिकित्सकसँग भेट गरी स्वास्थ्य परीक्षण गराउनुपर्छ। चिकित्सकले नियमानुसार सेवाग्राहीको स्वास्थ्य परीक्षण गरी आनलाईन आवेदनको मेडिकल चेकजाँच प्रणालीमार्फत स्वस्थ/फिट वा अस्वस्थ/अनफिट भएको जनाउनुपर्नेछ। साथमा मेडिकल रिपोर्ट समेत अपलोड गर्नुपर्नेछ।

७.८.३ मेडिकल जाँचमा उत्तीर्ण सेवाग्राहीले नतिजाको जानकारी प्राप्त भएपश्चात पुनः आफ्नो युजर एकाउन्ट प्रोफाइलमा लगईन गरी नविकरणका लागि आवेदन डाउनलोड गर्न सक्नेछन्।

७.८.४ तत्पश्चात आवेदकले आफ्नो आवेदन डाउनलोड गरी साविकको सवारी चालक अनुमतिपत्र, मेडिकल रिपोर्ट एवं नेपाली नागरिकताको प्रमाणपत्र वा पासपोर्ट

नेपाल सरकार
भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय
यातायात व्यवस्था विभाग
मिनभवन, काठमाडौं

साथमा राखी सम्बन्धित कार्यालयमा गई बायोमेट्रिक लगायतका अन्य विवरण रुजु गराउनुपर्नेछ।

७.९ माथि ७.६ तथा ७.८.४ बमोजिम योग्य भएका सेवाग्राहीहरुको नवीकरण आवेदन स्वतः विद्युतीय सवारी चालक अनुमति-पत्र प्रणालीमा प्राप्त हुनेछ।

७.१० दर्ता भएको आवेदन सम्बन्धित कार्यालयको अधिकार प्राप्त कर्मचारीले आवश्यक जाँचबुझ गरी स्वीकृत वा अस्वीकृत गर्न सक्नेछन्। सेवाग्राहीले आफ्नो व्यक्तिगत प्रोफाइलमा लगईन गरी समेत आफ्नो नवीकरण सेवाग्राहीको अवस्थाबारे जानकारी प्राप्त गर्न सक्नेछन्।

७.११ आवेदन अस्वीकृत भएमा सेवाग्राहीले सम्बन्धित कार्यालयमा सम्पर्क गर्नुपर्नेछ। यसरी सम्पर्क गर्न आएका सेवाग्राहीलाई कार्यालयले आवेदन अस्वीकृत हुनुको कारणबारे जानकारी दिई समस्या समाधानका लागि आवश्यक सहयोग गर्नुपर्नेछ।

७.१० आवेदन स्वीकृत भएका सेवाग्राहीले विधुतीय माध्यमबाट वा सम्बन्धित काउन्टरमा प्रत्यक्ष उपस्थित भई नियमानुसार राजश्व बुझाउन सक्नेछन।

७.११ राजश्व बुझाए पश्चात सेवाग्राहीको विवरण सवारी चालक अनुमति-पत्र (स्मार्ट कार्ड) छपाई प्रयोजनका लागि सवारी चालक अनुमति-पत्र प्रणालीमा प्राप्त हुनेछ।

७.१२ कार्ड प्रिन्ट भए पछि सेवाग्राहीलाई SMS मार्फत सो को सूचना प्राप्त हुनेछ। कार्ड प्रिन्ट भए पछि आवेदन पेश गरेको कार्यालयबाट नै स्मार्ट कार्ड वितरण हुनेछ।

७.१३ सवारी चालक अनुमति-पत्रको पेपर कार्ड भएका (स्मार्ट कार्ड प्राप्त गरीनसकेका) सेवाग्राहीहरु नवीकरण सम्बन्धी सेवा लिन पहिले जुन कार्यालयबाट सवारी चालक अनुमति-पत्र प्राप्त गरेको हो सोही कार्यालयमा नै जानुपर्नेछ। कार्यालयले त्यस्ता सेवाग्राहीको सवारी चालक अनुमति-पत्र नवीकरण गर्नुपूर्व सबै विवरणहरु रुजु गरी विवरण ठिक भएको एकिन भएपश्चात निजको जैविक विवरण समेत लिनुपर्नेछ।

७.१४ सवारी चालक अनुमति-पत्रको स्मार्ट कार्ड भएका र विद्युतीय सवारी चालक अनुमति-पत्र प्रणालीमा विवरण भएका सेवाग्राहीहरुले आफूलाई पायक पर्ने जुनसुकै कार्यालयबाट सवारी चालक अनुमति-पत्र नवीकरण सम्बन्धी सेवा लिन सक्नेछन। स्मार्ट कार्ड प्राप्त गरिसकेका उम्मेदवारहरुले सवारी चालक अनुमति-पत्र नविरकण गर्दा जैविक विवरण दिन आवश्यक पर्ने छैन।

## ८. चिकित्सकहरुलाई सूचीकृत गर्नुपर्ने तथा चिकित्सक सम्बन्धी अन्य व्यवस्थाः

प्रदेश मन्त्रालयले सवारी चालक अनुमति-पत्रको लागि आवेदन गरेका सेवाग्राहीहरुको स्वास्थ्य जाँचका लागि प्रत्येक आर्थिक वर्षमा चिकित्सकहरु सूचीकृत गर्नुपर्नेछ। सूचीकृत गर्ने प्रयोजनका लागि चिकित्सक छनौटको प्रक्रिया निम्नानुसार हुनेछ।

८.१ प्रदेश मन्त्रालयले सवारी चालक अनुमति-पत्रका लागि आवेदन गरेका उम्मेदवारहरुको स्वास्थ्य परीक्षण गर्न ऐन तथा नियमावलीमा व्यवस्था भए बमोजिमको योग्यता पुरा गरेका सो कार्य गर्न इच्छुक चिकित्सकहरुबाट आवेदन माग गर्नेछ। त्यसरी आवेदन माग गर्दा चिकित्सकले पालना गर्नुपर्ने शर्त तथा लिन पाउने दस्तुर तोकी सार्वजनिक सूचना गर्नुपर्ने छ।

८.२ प्रकाशित सूचनामा उल्लेख भए बमोजिमको योग्यता पुगेका र स्वास्थ्य परीक्षण सेवा प्रदान गर्न इच्छुक चिकित्सकले तोकिएका शर्तहरु पालना गरी प्रदेश मन्त्रालयमा आवेदन पेश गर्नुपर्नेछ।

८.३ प्रदेश मन्त्रालयले चिकित्सकहरुबाट प्राप्त आवेदन छानविन गरी योग्यता पुगेका आवेदन स्वीकृत गर्नुपर्नेछ। यसरी चिकित्सक छनौट गर्दा सेवाग्राहीहरुलाई सहज रुपमा सेवा उपलब्ध गराउन दैनिक रुपमा सेवा लिने सेवाग्राही र चिकित्सकको अनुपात १००:१ भन्दा बढी नहुने गरी आवश्यक संख्यामा चिकित्सकको संख्या छनौट गर्ने र सकेसम्म सेवाग्राहीलाई पायक पर्ने स्थानमा स्वास्थ्य परीक्षण सुविधा उपलब्ध गराउन विभिन्न स्थानमा रहेर चिकित्सक सेवा उपलब्ध गराउने सक्ने गरी आवश्यक संख्यामा चिकित्सक छनौटको व्यवस्था मिलाउन सकिनेछ।

८.४ सूचीकृत भएका चिकित्सकहरुको विवरण र चिकित्सकको सेवा प्राप्त हुने स्थान सहितको विवरण सेवाग्राहीहरुको जानकारीका लागि अनलाईन ड्राईभिङ्ग लाईसेन्स आवेदन दर्ता प्रणालीमा प्रविष्ट गर्नुपर्नेछ।

८.५ सूचीकृत भएका चिकित्सकहरुलाई प्रदेश मन्त्रालयले सवारी चालक अनुमति-पत्र आवेदन प्रणालीमा पहुँच प्रदान गर्न लगईनआईडि उपलब्ध गराउनुपर्नेछ।

८.६ चिकित्सकले सेवाग्राहीको स्वास्थ्य जाँच गरेपश्चात सो सम्बन्धी विवरण उक्त प्रणालीमा अद्यावधिक गर्नुपर्नेछ। प्रदेश मन्त्रालयबाट आवश्यक पूर्वतयारी पूरा नभएसम्मका लागि चिकित्सकहरुले कागजमा आधारित स्वास्थ्यजाँच रिपोर्ट उपलब्ध गराउन बाधा पर्ने छैन। त्यसरी कागजमा आधारित स्वास्थ्य जाँच रिपोर्ट उपलब्ध गराएको अवस्थामा सो रिपोर्ट स्क्यान गरी प्रणालीमा अपलोड गर्नुपर्नेछ।

८.७ प्रदेश मन्त्रालयले विभागसँग समन्वय गरी विद्युतीय सेवा प्रवाहका सम्बन्धमा सुचिकृत चिकित्सहरुलाई अभिमुखीकरण कार्यक्रम सञ्चालन गर्न सक्नेछ।

८.८ चिकित्सकले स्वास्थ्य परीक्षण गर्नुपूर्व सम्बन्धित सेवाग्राही नै स्वास्थ्य परीक्षणका लागि उपस्थित भए नभएको एकिन गरी सम्बन्धित सेवाग्राही नै स्वास्थ्य परीक्षणका लागि उपस्थित नभएको पाइएमा नजिकको प्रहरी कार्यालय र सम्बन्धित यातायात कार्यालयमा सूचना दिनुपर्नेछ गर्नुपर्नेछ।

८.९ मेडिकल जाँच गरेवापत चिकित्सकले लिने दस्तुर प्रदेश सरकारले तोके बमोजिम हुनेछ।

९. आवेदन सम्बन्धी थप अन्य व्यवस्थाः

माथि जुनसुकै कुरा लेखिएको भएता पनि एक पटक कुनै एक कार्यालयमा नयाँ वा वर्ग थपको लागि आवेदन दर्ता गरीसकेपछि सोहि वर्गको लागि ९० दिनसम्म अर्को कार्यालयमा वा सोहि कार्यालयमा आवेदन दर्ता गर्न सकिनेछैन्।

१०. कर्मचारी तथा चिकित्सकलाई लगईन आईडि उपलब्ध गराउनुपर्नेः

विभागले अनलाईन ड्राईभिङ्ग लाईसेन्स आवेदन दर्ता प्रणालीमा प्रदेश मन्त्रालयले तोकेको कर्मचारीलाई युजर एकाउण्ट बनाई युजर क्रेडेन्सियल उपलब्ध गराउनेछ। विभागबाट क्रेडेन्सियल प्राप्त गरेका प्रदेश मन्त्रालयका कर्मचारीले सूचीकृत चिकित्सक र आफ्ना मातहतका कार्यालयका सम्बन्धित कर्मचारीहरुको युजर एकाउण्ट बनाई युजर क्रेडेन्सियल उपलब्ध गराउनुपर्नेछ। युजर एकाउण्ट बनाउने प्रयोजनका लागि एकाउन्ट क्रेडेन्सियल उपलब्ध गराउने निकायले माग गरे बमोजिमको सम्बन्धित व्यक्तिको प्रमाणित विवरण उपलब्ध गराउनुपर्नेछ।

११. विभागको जिम्मेवारीः

विद्युतीय सेवा प्रवाहका लागि विभागको जिम्मेवारी निम्नानुसारको हुनेछ।

११.१ विद्युतीय सेवा प्रवाहका लागि अनलाईन ड्राईभिङ्ग लाईसेन्स प्रणाली विकास, परिमार्जन, स्तरोन्नति एवं परीक्षण पश्चात सुरक्षित रुपमा सञ्चालन गर्ने।

११.२ उक्त प्रणालीमा देखा परेका समस्याहरु समाधान गर्ने।

११.३ अनलाईन ड्राईभिङ्ग लाईसेन्स प्रणाली सञ्चालनका लागि विभाग तथा सम्बन्धित प्रदेश मन्त्रालयले सिफारिस गरेका अधिकारीहरुलाई उक्त प्रणालीमा पहुँच दिन युजर एकाण्ट बनाई युजर क्रेडेन्सियल उपलब्ध गराउने।

११.४ साविकमा युजर एकाउन्ट बनाई क्रेडेन्सियल प्राप्त गरेका कर्मचारीहरु सरुवा भई गएको, निवृत भएको वा अन्य कुनै कारणले सेवा प्रवाहमा संलग्न नहुने भएमा निजको नाममा खोलिएको युजर एकाउण्ट समयमा बन्द गर्ने र गराउने।

११.५ विद्युतीय सूचना प्रणाली सञ्चालन सम्बन्धी आवश्यक तालिम सञ्चालन गर्ने।

१२. प्रदेश मन्त्रालयको जिम्मेवारीः

विद्युतीय सेवा प्रवाहका लागि प्रदेश मन्त्रालयको जिम्मेवारी निम्नानुसारको हुनेछः-

१२.१ विद्युतीय सेवा प्रवाहका लागि मन्त्रालय एवं कार्यालयमा आवश्यक पर्ने जनशक्ति र स्रोत साधनको व्यवस्था मिलाउने।

१२.२ प्रदेश मन्त्रालयले प्रदेश प्रणाली सञ्चालन गर्ने कर्मचारीको युजर एकाउण्ट खोली दिनका लागि आवश्यक विवरण सहित पत्र विभागमा पठाउने र विभागबाट आवश्यक युजर क्रेडेन्सियल प्राप्त गर्ने।

१२.३ सम्बन्धित महाशाखा प्रमुख वा तोकिएको कर्मचारीले सम्बन्धित कार्यालयको पत्रका आधारमा विद्युतीय प्रणालीमा पहुँच दिन कार्यालय प्रमुखको युजर एकाण्ट बनाई युजर क्रेडेन्सियल उपलब्ध गराउने।

१२.४ सेवाग्राहीहरुको स्वास्थ्य परीक्षणका लागि माथि बुँदा ९ मा उल्लेख भए बमोजिम चिकित्सक छनौट गर्ने। छनौट भएका चिकित्सकहरुलाई विद्युतीय प्रणालीमा पहुँच दिन युजर एकाउण्ट बनाई क्रेडेन्सियल उपलब्ध गराउने।

१२.५ कोटा व्यवस्थापन, बिदा जनाउने कार्य आवश्यकतानुसार गर्ने।

१२.६ अनलाईन प्रणालीको डाटा सुरक्षाका सम्बन्धमा आवश्यक सुपरीवेक्षण र नियमन गर्ने।

१२.७ प्रणालीमा आवश्यक सुधार सम्बन्धी विवरण एवं विभागले माग गरेको विवरण समयमा उपलब्ध गराउने।

१२.८ कर्मचारी सरुवा वा निवृत भएमा निजको खोलिएको युजर एकाउण्ट लिखित प्राप्त जानकारी अनुसार समयमा बन्द गर्ने र गराउने।

१२.९ आवश्यकतानुसार विभागसँग समन्वय गरी तालिम संचालन गर्ने, गराउने।

१३. कार्यालयको जिम्मेवारीः

विद्युतीय सेवा प्रवाहको लागि सम्बन्धित कार्यालयले निम्नानुसारका काम गर्नुपर्ने छ।

१३.१ विद्युतीय माध्यमबाट सवारी चालक अनुमति-पत्र सम्बन्धी सेवा प्रवाह गर्न कार्यालयमा आवश्यक पर्ने विद्युतीय उपकरण तथा जनशक्तिको प्रबन्ध मिलाउने।

१३.२ कार्यालय प्रमुखले आफ्नो युजर एकाउण्ट बनाई दिन लागि प्रदेश मन्त्रालयमा अनुरोध गर्ने।

१३.३ कार्यालय प्रमुख वा निजले तोकेको कर्मचारीले पदीय जिम्मेवारी अनुसार कर्मचारीहरुको युजर एकाउण्ट बनाई सम्बन्धित कर्मचारीलाई सुरक्षित रुपमा युजर क्रेडेन्सियल उपलब्ध गराउने।

१३.४ प्रदेश मन्त्रालय तथा विभागसँग समन्वय गरी विद्युतीय सेवा प्रवाह गर्ने कर्मचारीको क्षमता अभिवृद्धिका कार्यक्रम सञ्चालन गर्ने।

१३.५ आईपरेका समस्या तथा प्रणालीमा देखिएका त्रुटिको सम्बन्धमा सम्बन्धित प्रदेश मन्त्रालय मार्फत विभागलाई यथाशिघ्र जानकारी गराउने।

१३.६ कार्यालय प्रमुखले यस कार्यमा खटिएका कर्मचारीहरुको सुपरिवेक्षण र अनुगमन गर्ने।

१३.७ अनलाइनबाट प्राप्त आवेदन सकभर सोही दिन र नभएमा भोलिपल्ट फरकफारक गर्ने। दुई दिन भित्र आवेदन फरफारक हुन नसकेमा कार्यालय प्रमुखलाई कारण समेत उल्लेख गरी लिखित रुपमा जानकारी गराउने।

१३.८ प्रत्येक दिन राजश्व भिडान गर्ने र राजश्व भिडान भए पश्चात सो विवरण सम्बन्धित प्रदेश मन्त्रालयको महाशाखा प्रमुखलाई जानकारी गराउने।

१३.९ कर्मचारी सरुवा वा निवृत भएमा निजको खोलिएको युजर एकाउण्ट समयमा बन्द गर्ने र गराउने।

१३.१० सुरक्षित रुपमा सेवा प्रवाहका लागि आवश्यक पहल गर्ने।

**१४. कर्मचारीको जिम्मेवारी:**

विद्युतीय सेवा प्रवाह गर्ने जिम्मेवारी प्राप्त गरेका कर्मचारीहरुको जिम्मेवारी निम्नानुसार हुनेछ।

१४.१ कर्मचारीले प्रणालीमा लगईन गरी आवश्यक कार्य गर्नका लागि युजर व्यवस्थापनकर्तालाई आवश्यक विवरण उपलब्ध गराउने र आफ्नो युजर क्रेडेन्सियल प्राप्त गर्ने।

१४.२ आफ्नो युजर क्रेडेन्सियल प्रयोग गरी सुरक्षित रुपमा विद्युतीय सूचना प्रणालीमा लगइन गर्ने।

१४.३ पदीय जिम्मेवारी अनुसार प्रणालीमा प्राप्त भएका आवेदनहरु समयभित्र सम्पादन गर्ने।

१४.४ आफ्नो अकाउन्टमा अनधिकृत व्यक्तिको पहुँच हुन नदिन आवश्यक सतर्कता अपनाउने। लगइन पासवर्ड समय समयमा परिवर्तन गर्ने।

१४.५ सरुवा वा निवृत हुँदा आफ्नो युजर एकाउण्ट अनिवार्य रुपमा बन्द गराउने।

**१५. चिकित्सकको जिम्मेवारी:**

विद्युतीय सेवा प्रवाहको लागि सम्बन्धित चिकित्सकले निम्नानुसारका काम गर्नुपर्ने छ।

१५.१ प्रणालीमा आफ्नो युजर क्रेडेन्सियल प्रविष्ट गरी लगइन गर्ने।

१५.२ युजर क्रेडेन्सियल प्राप्तिका लागि सम्बन्धित चिकित्सकले सम्बन्धित कार्यालय वा प्रदेश मन्त्रालयको महाशाखा प्रमुख निवेदन दिने।

१५.३ सेवाग्राही नियमानुसार चेक गरी प्रणालीमा सही विवरण उल्लेख गर्नेको साथै सवारी चालक अनुमति-पत्रका लागि स्वस्थ/फिट वा अस्वस्थ/अनफिट रहेको प्रमाण-पत्र अपलोड गर्ने।

१५.४ आफ्नो अकाउन्टमा अनधिकृत व्यक्तिको पहुँच हुन नदिन आवश्यक सतर्कता अपनाउने। समय-समयमा आफ्नो पासवर्ड परिवर्तन गर्ने।

१५.५ समयमै आफ्नो युजर एकाउण्ट बन्द गराउने।

**१६. सेवाग्राहीको जिम्मेवारी:**

विद्युतीय सेवा प्राप्तिको लागि सम्बन्धित सेवाग्राहीले निम्नानुसारका काम गर्नुपर्नेछ।

१६.१ प्रणालीमा लगइन गर्न आफ्नो व्यक्तिगत मोबाईल नम्बर र सम्भव भएसम्म ईमेल ठेगाना प्रणालीमा प्रविष्ट गर्ने।

१६.२ प्रणालीमा सही विवरण प्रविष्ट र आवश्यक कागजात अपलोड गर्ने।

१६.३ नागरिकताको प्रमाणपत्र, सवारी चालक अनुमतिपत्र लगायतका काजगातमा रहेको आफ्नो व्यक्तिगत विवरण सवारी चालक अनुमतिपत्र प्रणालीमा दुरुस्त नभएको पाइएमा सम्बन्धित कार्यालयमा गई उक्त विवरण सच्याउने। तत्पश्चात अनलाइन आवेदन सम्बन्धी काम अघि बढाउने।

१६.४ समयमा सवारी चालक अनुमति-पत्र नवीकरण गराउने।

१६.५ पिन बिर्सेको खण्डमा आफ्नो पिन आफै रिसेट गर्ने।

१६.६ सवारी चालक अनुमतिपत्रका लागि भरिने विवरण गलत नहोस भनि विशेष सतर्कता अपनाउने। यसका लागि आफ्नो विवरण अरुलाई भर्न नदिई आफैले वा आफ्नो रोहवरमा भर्ने, अनलाईनमा भरिएको फाराम पेश गर्नुपूर्व विवरण पूर्ण रुपमा ठिक भए नभएको रुजु गर्ने, कागजात अपलोड गर्दा माग भए बमोजिमका कागजात नै अपलोड गर्ने लगायतका कार्य सावधानीपूर्वक गर्ने।

**१७. थप बुझ्न सकिने:**

यस कार्यविधि निर्देशिकामा जुन सुकै कुरा लेखिएको भएता पनि कार्यालयले आवश्यक ठानेमा सम्बन्धित उम्मेदवारले पेश गरेका कागजातहरुको विश्वसनीयता परीक्षण गर्नका लागि सक्कल कागजात झिकाई जाँच गर्न र सम्बन्धित सेवाग्राहीलाई कार्यालयमा बोलाई आवश्यक सोधपुछ गर्न बाधा पर्ने छैन।

**१८. कार्ड छपाई तथा वितरण:**

सवारी चालक अनुमति-पत्रको कार्ड छपाई तथा वितरण गर्ने जिम्मेबारी सम्बन्धित प्रदेश मन्त्रालयको हुनेछ। प्रदेश मन्त्रालयबाट कार्ड छपाई तथा वितरणका लागि आवश्यक व्यवस्था नभएसम्मका लागि विभागले सवारी चालक अनुमति-पत्रको स्मार्ट कार्ड छपाई गरी वितरणका लागि सम्बन्धित कार्यालयमा पठाउनेछ। सम्बन्धित कार्यालयले समयमै विभागमा सम्पर्क गरी आफ्नो कार्यालयको छपाई भएका कार्ड बुझ्ने र प्राप्त भएका कार्डहरु सेवाग्राहीलाई वितरण गर्ने कार्य गर्नुपर्नेछ।

नेपाल सरकार
भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय
यातायात व्यवस्था विभाग
मिनभवन, काठमाडौं